हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : २०१ पृष्ठ : ४ २०७७ फाल्गुन ०९ गते आइतबार (Sunday 21 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## 'हरवा चरवालाई मुक्त गर्छौं: मन्त्री साह'

### प्रदेश स्तरीय भूमि बैंकमार्फत् जग्गाको व्यवस्थापन गरिने





■ मणिलाल विश्वकर्मा

लहान । प्रदेश २ सरकारले भूमि बैंकमार्फत् प्रदेश २ अन्तर्गतका जिल्लाहरूमा रहेका ऐलानी, पर्ती, अव्यवस्थित जग्गाको एकिन गरी भूमि बैंकमार्फत् भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी र हरवा चरवाहरूको भूमिहीनताको समस्याको समाधान गर्ने भएको छ । प्रदेश २ सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले लहानमा आयोजित 'हरवा चरवाको सवालमा प्रदेश स्तरीय अन्तर्क्रिया कार्यक्रम'मा भूमि सम्बन्धी संघीय कानुनको कारणले प्रदेश सरकारले भूमि सम्बन्धी कानुन बनाउन नसकेको चर्चा गर्दै सरकारले सकेसम्म छिटो प्रदेश स्तरीय भूमि कानुन ल्याउने बताए । 'भू-उपयोग नीति ल्याउँदैछौं' मन्त्री साहले भने 'त्यसपछि प्रदेशका आठ जिल्लाका स्थानीय तहमा रहेका ऐलानी, पर्ती, अव्यवस्थित जग्गा एकिन गरी मापदण्ड बनाएर भूमिहीनहरूको व्यवस्थापन गरिने छ ।'

'हरवा चरवा प्रथाको अन्त्य गर, भूमिसहित न्यायपूर्ण पुनःस्थापना गर' भन्ने नारासहित जनचेतना दलित संगम मधुपट्टि (सप्तरी) द्वारा आयोजित अन्तर्क्रियामा मन्त्री साहले भने 'प्रदेश १ को मोरङ, सुनसरीसहित प्रदेश २ का प्रायः सबै जिल्लामा हरवा चरवा देखेका छौं तर कति छन् भन्ने एकिन छैन ।' हरवा चरवाको संख्या यकिन नभएसम्म तिनको मुक्ति घोषणा र पुनःस्थापनाको विशेष कार्यक्रम बनाएर कार्यान्वयन गर्न पनि समस्या हुने हुँदा त्यसका लागि सामाजिक संघ संस्थाहरूले पनि सहयोग गर्न मन्त्री साहको आग्रह थियो । दासत्वपूर्ण जीवन बाँचिरहेका हरवा चरवाको मुक्ति गर्ने दायित्व प्रदेश सरकारको नै रहेको उल्लेख गर्दै उनले भने 'आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा त्यसका लागि कार्यक्रम राख्दैछौं ।' 'हरवा चरवा छैनन् भन्ने होइन, तर कति छन् भन्ने त एकिन हुनु पर्‍यो नि' उनले भने 'त्यसका साथै पुर्ख्यौली ऋण कति छ, कस्ता खालका ऋण छन् भन्ने पनि एकिन हुनुपर्छ ।' प्रदेश सरकार प्रदेश अन्तर्गत पर्ने जिल्लाका कोही पनि विपन्न दलित आवासविहीन नहुन् भन्ने उद्देश्यले पहिलो चरणमा डोम र मुसहरहरूलाई पक्की घर बनाईदिने कार्यक्रम संचालन गरिरहेको छ, क्रमशः दलित भित्रका अन्य समुदायका लागि

बाँकी ३ पेजमा

## जेष्ठ नागरिकलाई सिरक उपहार

सिरहा । सिरहा नगरपालिकास्थित ५ नम्बर वडा कार्यालयले जेष्ठ नागरिकलाई सम्मान स्वरूप सिरक वितरण गरेको छ । वडाका सबै वर्गले स्थानीय सरकार हो भनी अनुभुति गराउने योजनाअनुरूप काम गर्दै आएको क्रममा वडाभरिका जेष्ठ नागरिक तथा अन्य लक्षित व्यक्तिलाई सिरक प्रदान गरिएको वडाध्यक्ष सुलिन्द्र यादवले बताए । अन्य जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग तथा विपन्न वर्गहरूको नामावली तयार गरेर १७५ जनालई सिरक वितरण गरिएको वडासचिव मनोज कुमार यादवले बताए । सिरक वितरण गर्नु अघि भएको सामुहिक छलफलको आधारमा छनौट भएका लक्षित वर्गलाई मात्र सिरक प्रदान गरिएको उनले प्रष्ट पारे । वडाध्यक्ष सुलिन्द्रको अध्यक्षतामा सिरक वितरण कार्यक्रममा सिरहा नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख प्रमेश्वर यादव, नेकपाका देविन्द्र गोहिवार, जनता समाजवादी पार्टीका शशिकला मित्रा लगायत नागरिक अगुवा र अन्य व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

छिटो भनेको WORLDLINK
"Terms and Conditions Apply"
SPEED मा BOOST नगदमा छुट
3C 25 Mbps Rs. 1,250
6C Rs. 2,200
FREE
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229

फेब्रुअरी महिना : आयोडिन महिना
February :Iodine Month
नुन थोरै खाऔं तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुन मात्र खाऔं ।
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
शाखा कार्यालय, लहान

फ्रेन्डस मोडेल हस्पिटल, लहान-८
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)


हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

बसिबियालो

# लुइँचे र कालिजको 'नंग्रा'



**डा. सामरथ सिंह राई**

प्राचीन जंगली अवस्थामा प्राकृतिक आमाले आफ्नो वक्षस्थलमा सबै प्राणीहरूलाई न्यानो पारी सुरक्षा गर्थिन हेला । कहिकतै बनावटी सडक, घर, पाठशाला केहि पनि थिएन त्यस बखत । माया, भावना, ज्ञान भने प्रचुरमात्रामा नै भोगिन्थ्यो त्यस बखत । आडम्बरी, छलकपट, भोली के होला भन्ने आभास देखिन्नथ्यो त्यस बखत । प्रत्येक प्राणीहरूको सम्पूर्ण अंग प्रत्यंग आफ्नो आवश्यकतामा कामयावी गराउथ्यो । दिनभरी प्राकृतिक आमाको हरियाली निश्चलपानी, उत्तम बनोटका लतीहरू, ती पंक्षीहरू प्यासन (**Passion**) बगिन्थे । जनावरहरू आफूलाई सुहाउँदो ठाउँमा मनग्गे बास बस्न ओहोर दोहोर गर्न पाउँथे । प्रकृतिका ती अंगहरू जसमा सर्व-शक्तिमान सिंह जमिनमा राज हुन्थ्यो भने जलका गोही र वृक्षहरूमा विचरण गर्ने अजिंगर (पाइथन) प्राकृतिक शक्तिको प्रतिक मानिन्थ्यो । उनीहरूको बसाई, हावा, भोजनमा केही हुन्थेन । उनीहरूमा नैसर्गिक अंगहरू सृष्टिका लागि खबरदारीको रहन्थे । तर त्यही ठाउँमा डरलाग्दो नरसंहार विश्वयुद्धहरूले त्यस सभ्यतालाई हेर्न नसकिने बनाएको छ । हुन त प्रकृतिका सर्वश्रेष्ठ जाति मानिस उत्कण्ठामा भाँसिएका छन् । विचारले ती अति उपयोगी मन सातपत्राले थिची राखेको छ । कल्पनामा मात्र गर्न सकिन्छ ती सातपत्रे विचार । त्यो विश्व साहित्यका वैकनका तर्क हुँदै बर्टेण्ड रसेल, हिडेनका जस्तै तर्क जर्ज रूसेलका तुफानी तर्क हुँदै प्रथम र दोस्रो विश्वयुद्धका कारणहरू समेत मानिसको अचेतनमा ठूला नागले आफ्नो फन्ना उठाई एकान्त जंगलमा प्यास मेटाउन बसे भैं बसेका छन् । त्यो भन्दा पनि पर २१ औं शताब्दीका विवेक मानिसकसो श्रीपेच आज बजारमा बिक्रीमा राखिन्छन् । विश्वास, आशा थियो युद्धहरूको ज्ञानले मानिस, मानिसमा अपनत्व, अघि बढ्ने दृढता भन जंगलमा डढेलो लागेभैं देखिन थालिएको छ । हुन त कल्पना भन्दा तर्क सानो नै हुनुपर्ने प्राकृतिक सन्देश अवस्थित छ । तर खैं, हिजोआज तर्क, कल्पना माथिको मायालु गजुर बनेको छ । दायित्वभन्दा अधिपात्य हेर्दै हुनुहुन्छ भने आकाशे पिण्डमा तछाड मछाड यन्त्रहरू पुऱ्याई कैयौ अरब खरब जनताको नंग्राले कमाएको रकम खचैमा बगाई राखेका छन् । बगाई राखेको पनि भन्न शब्दमा छैन । लठमुठे लाटोकोसेरो रातपर्दा मात्र देख्ने प्राणधारी जस्तै ! एउटा हेर्नलायक मज्जा ! जस्तो ब्रोइलर कुखुरा हेर्दा भरमान, गुणमा भने मुरही जस्तै । पेटभरी तर तागत शुन्य । आजका वायूपंखी विकास पनि उस्तै उस्तै हो । तर एउटा फाइदा भने बहादुर कहलाइँदैन । विकास पनि हिजोआज ब्रोइलर कुखुरा भैं भएको छ । हेर्दा, खाँदा सजिलो तर नाम मात्रको भैं । विकास भन्ने स्थानीय प्रजाति (लोकल कुखुरा) को टाउँको देखाई ब्रोइलर मासुको बेचबिखन अनि त्यसमा हारालुट भै भएको छ ।

कालिज, लुइँचेको आकार, माया न्यून भएपनि त्यसमा प्राकृतिक शक्ति पाइन्छ । त्यो गुण मानिसलाई सोच्ने शक्ति, धैर्य गर्ने शक्ति, समाधान गर्ने कौशल दिन्छ । तर आकार, प्रकार, तौलमा अधिक र मूल्य पनि हेरि लाग्दो पाइन्छ । तर किन एक, दुई किलोको लुइँचे भरपर्दो हुन्छ । यो हाम्रो सर्वाङ्ग देहलाई । यदि मानिस जाती भेडाभेडीको समूह हुन सक्तैन भने वैज्ञानिक प्रयोगमा ल्याइएको सोंचलाई मनबाट सञ्चालित हुनुपर्ने दिइरहनुपर्छ । तर यी दुवै प्रशवमा स्थान दिने हो भने भौतिक विकासले निमुखालाई एउटा सिन्का पनि फाईदा हुँदैन । आफ्नै पैसा आफैं लुटिन्छ । टाउको गनी गनी माया गर्ने विदेशी देशहरूले दिएको पैंसामा अरूको रजाई भएको पाइन्छ ।

# लावण्यदेशको 'ड्राइफस' को कथा

**डा. सुरेन्द्र सिंह रावल**

उन्नाइसौं शताब्दीको अन्त्यतिर अल्फ्रेड ड्राइफस नामका एक निर्दोष फ्रान्सेली सैनिकमाथि सैनिक अदालतबाट घोर अन्याय भयो ।

उनलाई नगरेको अपराधमा देशद्रोही ठहर गरियो र सार्वजनिकरूपमा मानमर्दन गरेर जेलसमेत हालियो । एक जना इमानदार, निष्ठावान र कर्तव्यनिष्ठ सैनिकलाई ठूलै कसुरविना उसको अस्मितामा प्रहार गर्नु ठूलो पाप हो ।

किनभने, सच्चा देशभक्त सैनिकले सम्पूर्ण जीवन नै आफ्नो मुलुक तथा व्यक्तिगत आत्मसम्मानका खातिर समर्पण गरेको हुन्छ । उसको जीवनभरको लगानी भने पनि आर्जन भने पनि त्यही गरिमा हो । प्रथम विश्वयुद्ध सुरू हुनु एक दशकअघि फ्रान्समा उक्त घटना किन भयो, कसरी भयो र कुन परिवेशमा भयो त्यसका आफ्नै विश्लेषण र संश्लेषण छन् ।

उक्त घटनाले आजपर्यन्त एक जना निर्दोष व्यक्ति न्यायकर्ताको कोपभाजनमा परी कसरी दोषी ठहर हुनसक्छ भनी घोत्लिन बाध्य बनाउँछ । ड्राइफसउपर भएको अन्यायका बाछिटाहरू एक शताब्दीपश्चात् अभै पनि हाम्रो समाजमा देखिनु दुःखद हो ।

यहाँ प्रस्तुत गर्न लागिएको सैनिकमाथि भएको यो अर्को दारूण कहानी भने लावण्यदेशको 'ड्राइफस' को ।

फ्रान्सका जस्तै लावण्यदेशका 'ड्राइफस' पनि एक सैन्य अधिकारीमात्र नभई दुई सन्तानका पिता समेत थिए । उनी इमानदार, निष्ठावान्, कर्तव्यपरायण सैनिक त छँदै थिए उनले आफ्नो तीन दशकभन्दा लामो सैनिक जीवनमा सबै प्रकारका भ्रष्ट आचरण, चाकरी, चाप्लुसी, भनसुन आदिबाट टाढै रही आफूलाई हरदम 'प्रोफेसनल अफिसर' को रूपमा उभ्याउन कुनै कसर बाँकी राखेका थिएनन् ।

उनी सैनिक तालिम तथा कामकारबाहीमा सँधै अब्बल रहे र आफ्नै बुताले उन्नति, प्रगति पनि गरे । समकक्षी, कनिष्ठ तथा वरिष्ठ सबैले उनलाई सक्षम र पेसेवर अधिकृतका रूपमा सम्मान गर्नेमात्र होइन 'जुनियरहरू'ले एउटा 'रोलमोडल' को रूपमा हेर्ने गरेकोमा उनलाई गर्व लाग्थ्यो । उनको स्पष्टवादीता तथा प्रगतिदेखी डाह गर्ने केही अधिकारी पनि थिए । तर, दुई चारजना भने उनको मानमर्दन कसरी गर्ने भन्ने ध्याउन्नामा लागिरहन्थे ।

फ्रान्सेली ड्राइफसजस्तै लावण्यदेशको 'ड्राइफस' ले पनि निकै मेहनतका साथ उच्च तहको सैनिक तालिम गर्ने क्रममा उनका प्रशिक्षक जनरलले पूर्वाग्रह राखी न्यून अंक दिएर उनलाई ग्रेडिङ्मा पछि पारियो । यस सम्बन्धमा उनीसँगै तालिम गर्ने अधिकृतहरूले असन्तुष्टि पनि पोखे तर तालिमका निर्देशकले कुन बाध्यताले हो कुन्नि त्यसमा चासो तथा प्रतिक्रिया देखाएनन् ।

हुन त ड्राइफस स्वयंले औपचारिकरूपमा कुनै गुनासो गरेका थिएनन् तर पनि ती आत्ममुग्ध अधिकारीहरू उनीप्रति अप्रशन्न भए । यो असन्तुष्टिको असर पछि 'ड्राइफस' माथि पर्यो । उनीमाथि प्रतिशोध साधियो ।

फ्रान्समा भैं लावण्यदेशको 'ड्राइफस' पनि योग्यता, दक्षता र क्षमताका कारण सैनिक हेडक्वार्टरको जनरल स्टाफ ब्रान्चमा सरूवा भए ।

आखिर काम गर्ने मानिस त सबै ठाउँमा चाहिन्छ नै ! उनी हेडक्वाटरमा कार्यरत रहँदा कामको चापले सँधैजसो बिहान साढे छ बजेदेखि राति नौ बजेसम्म अत्यन्त व्यस्त रही काम गर्थे ।

संस्थाको लागि उनी दिलोज्यानले लागि परेका थिए । फलस्वरूप, उनले कहिल्यै पनि घर परिवारलाई पहिलो प्राथमिकतामा राख्न पाएनन् । कतिसम्म भने राति घर फर्केपछि पनि उनी आफ्नो ओछ्यानमा कार्यालयको काम गरेर अबेरसम्म बस्थे । यसबापत उनले कुनै तक्मा अथवा पुरस्कार त पाएनन् तर उनको कामबाट सेनापति औधि प्रभावित भए र करिब एक वर्षको अथक व्यस्ततापछि ड्राइफस विदेश तालिममा जानेबेला आफ्नो कार्यालयमा उनलाई अँगालो हाली उत्कृष्ट तवरले काम गरेको र सेनामा आमूल सुधार गर्ने अभियानमा गहन योगदान पुर्याएकोमा हृदयदेखि नै आभार प्रकट गरे । साधा जीवन उच्च विचारमा विश्वास राख्ने ड्राइफसलाई त्यो नै आफ्नो लागि सबैभन्दा ठूलो 'अलंकार र पदक' भैं लाग्यो र उनको छाती गर्वले ढक्क फुल्यो । परन्तु, अकस्मात, निष्कलङ्क ड्राइफसको सैनिक सेवामा कालो बादल मडारियो । विदेशमा उच्च तालिम गरिरहेको बेलामा एघार महिनाअघि लावण्यदेशको सैनिक हेडक्वार्टरमा लेखिएको कुनै एउटा पत्रको विषयलाई लिएर 'ड्राइफस' माथि अनुसन्धान थालियो ।

उनको तालिम समाप्त भएर स्वदेश फर्कने बेला भइसकेको थियो तर पनि मुलुकमा लडाइँ परेको र 'ड्राइफस' ले देशद्रोह नै गरे जसरी अनलाइनमार्फत् मुद्दा चलाइयो । उनले सेनापतिसँग आफ्नो कुरा राख्न पाऊँ भनी सेनापतिका सहायकहरूलाई अनेक तरहले अनुरोध गरे तर 'ड्राइफस' को अनुनयको कुनै सुनवाइ भएन ।



केही नलागेपछि उनले व्यक्तिगत ईमेलमार्फत् निवेदन पठाई आफू निर्दोष भएको र कसैको षड्यन्त्रको सिकार हुनलागेकाले 'केस'को राम्रो अनुसन्धान गर्न सेनापतिलाई अनुरोध गरे । त्यतिमात्र होइन उनले आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार तामा–तुलसी–गीता भाकेर आफ्ना प्रियजनहरूको कसम समेत खाई आफू निर्दोष रहेको बताए । तर, उनको अनुरोधको सुनुवाइ हुनु त परै जाओस् त्यसमा प्रतिक्रिया दिन पनि आवश्यक ठानिएन । जसले तीन दशक लामो सेवा अवधिमा आफूलाई एउटा तीलको दाना जत्ति पनि दाग लाग्न दिएनन् उनकै अनुशासन र मर्यादा माथि औंलो ठड्याइयो । यस्तो ठूलो वज्रपात हुँदा पनि धैर्यधारण गर्नु नै शक्ति हो भने। उनले आफ्नो मनलाई सम्भाए । आफूले नङ र मासुसरह भई हरेक दिन सन्निकट रही काम गरेको अधिकारी कसरी एकाएक परिवर्तित भए ड्राइफसले केही बुझ्न सकेनन् । वर्षौं कार्यसम्पादन गर्दा अनवरत असल रहेको उनको 'नियत'को पछिल्लो मूल्यांकन कसरी एउटा सामान्य घटनालाई आधार मानी रौंचिरा नकेलाईकन 'एकसयअसी डिग्री' मा भयो यो पनि 'ड्राइफस' को समभ्र बाहिरको कुरा थियो । गल्ती गरे सजाय भोग्नुपर्छ भन्ने दृढ मान्यता राख्ने 'ड्राइफस' आफूले खाँदै नखाएको विष कसरी लाग्यो भनेर चकित् परे । उनी स्वदेश फर्केलगत्तै विनाकुनै सोधपुछ हठात् जागिरबाट निकालिएको फैसला सुनाइयो र त्यसको प्रचारप्रसार गरियो । आफ्नो अध्ययनमा चुर्लुम्म डुबेको बखत कसरी सपना भैं गरी अत्यन्त छोटो समयमा अकल्पनीय आरोप लागेर अदालतको कामकारबाही पनि भई फैसलासमेत भयो 'ड्राइफस' अवाक् छन् । उनलाई न वकिल राख्ने मौका मिल्यो, न प्रमाणहरू केलाइयो, न सूक्ष्म अनुसन्धान नै भयो । शङ्का र पूर्वाग्रहका भरमा 'ड्राइफस' लाई दोषी ठहर गरियो । उनी आफू 'प्रोफेसनल' हुनुपर्ने कुरामा कति सचेत थिए भने चाकरी, चाप्लुसी र भनसुनविरूद्ध सेनामा अभियान नै थालेका थिए । आफ्नो कार्यालयको भित्तामा 'चाकडी प्रथाको बहिष्कार गरौं' भन्ने नारा भन्डै एक दशकअघिबाटै फ्रेममा सजाएर राख्ने गर्थे ।यस्तो दृढता व्यक्त गर्ने व्यक्ति लावण्यदेशको सेनामा सायदै थिए होलान् । भए नै पनि त्यसरी खुलारूपमा व्यक्त गर्ने आँट अरूले गरेको देखिएको थिएन । सेनामा काम गर्दा उनले संगठनको हितल व्यक्तिगत स्वार्थभन्दा सँधै माथि हुन्छ भन्ने दर्शनलाई आफ्नो मूलमन्त्र माने । त्यसैले उनले कार्यालयको भित्तामा 'यदि तपाईलाई कुनै पनि निर्णय गर्दा दुबिधा हुन्छ भने एकपटक आफ्नै मनलाई सोध्नुस् 'के यो निर्णय संगठनको हितमा छ?' भनी लेखेर समेत राखेका थिए ।

कार्यालयमा रहँदा केही वरिष्ठ, समकक्षी र कनिष्ठ अधिकृतहरूले व्यक्तिगत स्वार्थबाट प्रेरित भएर काम गर्न खोज्दा त्यसको सशक्त प्रतिवाद गरे । तथापि, उनले कहिल्यै पनि कसैको चुक्ली हाकिमसँग लगाएनन् । चुक्ली लगाउनुलाई उनी सर्वथा अव्यावसायिक चरित्र मान्थे । संगठनको हितलाई सर्वोपरी राखेर काम गर्दा उनले आफ्नै हितलाई अघि सार्नेहरूसँग व्यक्तिगत सम्बन्ध सुमधुर बनाउन सकेनन् । अनैतिक र भ्रष्ट आचरणबाट त उनी कोसौं टाढा रहे । कतिसम्म भने सेनामा व्यापक प्रचलनमा रहेको भए पनि उनी सानोभन्दा सानो कोसेली र उपहार लिनुलाई गलत ठान्थे । उनको अगुवाइमा तयार भएको आचारसंहितामा यी कुराहरू समाविष्ट थिए । संगठन शुद्धीकरणको कुरा दूषित प्रवृत्तिमा अभ्यस्त धेरैलाई मन नपर्नु स्वाभाविकै थियो । कतिपयले यस्तो अग्रगामी परिवर्तनलाई असंभव पनि ठाने । केहीलाई यस्तो सुधारको काम मनपरेको पनि थिएन । उनको संगठन सुधारको वर्षौंदेखिको आकांक्षा नयाँ सेनापतिको सुधारको अभियानसँग

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज साथीभाईबाट सहयोग मिल्नेछ । धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । शिक्षामा प्रगति हुनुका साथै रोजगारीको अवसर पनि मिल्नेछ ।

**वृष** :- आज सानो प्रयत्नले ठूलो काम सम्पादन हुनेछ । श्रमको उचित मुल्यांकन हुनेछ । विद्या र बुद्धिको विकास हुनेछ । यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।

**मिथुन**:- आज अनावश्यक धन खर्च भई मानसिक चिन्ता बढ्नसक्छ । गरेको काममा ढिलासुस्ती हुनेछ । बढी मेहनतीहरूका लागि दिन फलदायी नै रहनेछ ।

**कर्कट** :- परिवारमा ठूलो जमघट वा कुनै धार्मिक सामाजिक कार्य सम्पन्न हुनेछ । दैनिक कामहरु अगाडी बढ्नेछन् । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**सिंह**:- रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । कला र गलाको प्रभाव बढ्नेछ । मनोरञ्जनमा सहभागीता भइएला । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला ।

**कन्या** :- बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । शुभकार्यको चर्चा चल्नेछ । रूलाई प्रभावित पारेर काम बन्नेछ । सांगितीक क्षेत्रमा रूची बढ्नेछ ।

**तुला** :- आज मनमा चञ्चलता बढ्नाले गलत निर्णय लिनपुगिएला सचेत रहनुहोला । बोलीको विपरीत अर्थ लाग्नसक्छ अतः संयम रहनु होला ।

**वृश्चिक** :- इच्छा र आकांक्षा पूर्ण हुने भएको छ । मनमा हर्ष छाउनेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । नयाँ सफलता पनि मिल्नसक्छ ।

**धनु** :- आज शुभकार्यको चर्चा चल्नेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । लाभदायक यात्रा रहला ।

**मकर**:- एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । आत्मिक सन्तुष्टि मिल्नेछ ।

**कुम्भ**:- आज परिवारिक सद्भाव बढ्नेछ । नयाँ व्यक्ति संग भेटघाट हुने समय छ । व्यापार व्यवसायबाट लाभ मिल्नेछ । मिहिनेत गर्दा बढी प्रगति हुनेछ ।

**मिन** :- अतिथिका रूपमा सम्मान पाइनेछ । श्रमको उचित मुल्यांकन हुनेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । आत्मिक सन्तुष्टि पनि मिल्नेछ ।

# लैंगिक हिंसा न्यूनिकरणका लागि गोष्ठी

**रोहित कुमार मण्डल**




**सप्तरी** । सप्तरीको खड्क नगरपालिका-७ कल्याणपुरमा लैंगिक केन्द्रित परियोजना कार्यक्रम अर्न्तगत बालिकाको मुद्धामा तिन दिने कार्यशाला गोष्ठी सम्पन भएको छ । कल्याणपुर स्थित साह अतिथी सदनमा लैंगिक केन्द्रित परियोजना कार्यक्रम अर्न्तगत सबल नेपालको आयोजना तथा सेभ द चिल्ड्रेनको सहयोगमा सूरू भएको तिन दिने कार्यशाला गोष्ठीको सहजिकरण गंगा कुमारी भण्डारीले गरेको थिए । हाल बालिकामाथि भईरहेको विभिन्न किसिमको घटना तथा लैंगिक हिंसालाई न्यूनिकरणका लागि बाल बालिकालाई चेतनाका लागि गोष्ठीको आयोजना गरिएको आयोजक संस्थाका कार्यक्रम सुपरभाइजर अशोक कुमार साहले जानकारी दिए ।

तिन दिवसीय गोष्ठीमा सप्तरीको सुरूङ्गा नगर पालिकाका १२ र खड्क नगरपालिका-१२ का ७ जना बालक तथा १७ जना बालिकाहरूको सहभागिता रहेको थियो । सबल नेपालका अध्यक्ष जुना गिरीको अध्यक्षतामा भएको तिन दिने कार्यशाला गोष्ठीको समापन समारोहमा रोजिना बुढाथोकी तथा राजन पासवानले बालबालिका माथि भई रहेको विभिन्न किसिमको अपराध तथा लैगिक हिसालाई न्यूनिकरण गर्न केही हदसम्म सहयोग पुग्ने बताए । कार्यक्रममा बालबालिकालाई झोला उपलब्ध गराइएको थियो ।

## हरवा ...

पनि कार्यक्रम ल्याउँछौं ।' कार्यक्रममा भूमि सम्बन्धी समस्या समाधान आयोगका सदस्य जगदेव यादवले सामन्ती व्यवस्थाले सिर्जना गरेको समस्या भएकाले समाधान गर्न समय लागेको बताए । 'तथापि पहिलो र अन्तिम पटकलाई आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीका लागि घडेरी तथा खेतीपाती गर्ने जग्गा दिन मुलुकका सात प्रदेश सरकार, त्यस अन्तर्गत पर्ने स्थानीय तहहरूसँग सम्झौता गरी लगत संकलनको काम छ' आयोगका सदस्य यादवले भने 'सही र यथार्थ विवरण भराऔं ।' पूर्व विधायक तथा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य असर्फी सदाले संघीय सरकारले प्रदेश सरकारका लागि बजेट बाँडफाँट गर्दा विभेद गरेको चर्चा गर्दै फलस्वरूप प्रदेश संघको मुख ताक्न विवश भएको औंल्याए । 'प्रदेश सरकार आफै संघको आशमा बस्नु पर्ने भएपछि हामी बिपन्न दलितको कसरी हुन्छ मुक्ति ?' बिपन्न दलितका लागि ल्याएको जनता आवास कार्यक्रम पनि प्रायः ठाउँमा जग्गाकै कारणले विवाह हुँदा दलितहरूको घर अधुरै रहेको उल्लेख गर्दै सदाले भने 'जस्तो जग्गा छ, त्यस्तैमा घर बनाउने गरी काम गरिएन भने आवासविहीनहरूले टाउको लुकाउने ठाउँ समेत पाउँदैनन् ।'

राष्ट्रिय दलित नेटवर्कका अध्यक्ष तथा दलित अभियन्ता गणेश विश्वकर्माले दलित, हरवा चरवामाथि अन्याय, शोषण, उत्पीडन कायम नै रहेको चर्चा गर्दै त्यही कारणले उनीहरूको जीवन तहसनहस भएको बताए । 'दशकौं अघि जसरी काम गर्दैथिए, अहिले स्वरूप फेरिए पनि अन्यायपूर्ण श्रम सम्बन्धको कारणले दलित हरवा चरवाको जीवन अप्ठ्यारोमा छ' विश्वकर्माले भने 'प्रदेश सरकारले केवल तत्परता मात्र देखायो भने पनि समस्या समाधान गर्न समय लाग्दैन ।' जनता समाजवादी पार्टीका युवा नेता तथा दलित अभियन्ता राजेश विद्रोहीले भूमिहीनता राज्यसत्तासँग जोडिएको विषय भएको औंल्याउँदै भूमि ऐन लागू भएको ५६ वर्ष भएपनि दलितहरूको जीवनमा आधारभूत परिवर्तन समेत नभएको उल्लेख गरे । 'जमिन नचाहिने व्यक्तिसँग थुप्रिएको छ, जमिनमै दिनरात काम गर्ने दलित हरवा चरवा चाहिं त्यसको स्वामित्वबाट अलग्याइएका छन्' उनले भने 'त्यसैले राजनीतिसँग जोडिएको दलित हरवा चरवाको जीवन फेर्न जग्गामा तिनको स्वामित्व कायम गरिनै पर्छ ।' बाध्यकारी श्रम निर्मूलन पैरवी समूहका सदस्य तथा अधिवक्ता बालाराम भट्टराईले सरकारले जग्गा हुनेलाई मलखाद, बीउविजन, सिँचाइ दिन्छ तर जग्गामा श्रम गर्ने श्रमिक, जोताहालाई भने बिर्सिने गरेको बताए । त्यसैले, दृष्टिकोण फेर्दा मात्र हलो जोत्नेको जीवन फेरिने र उत्पादकत्व पनि बढ्ने उल्लेख गर्दै उनले अन्यायपूर्ण श्रम सम्बन्धमा टिकेको हरवा चरवा प्रथा प्रदेश सरकारले मुक्त घोषणा गर्नुपर्ने बताए । दलित जनचेतना संगमका अध्यक्ष रामलखन रामको अध्यक्षता तथा प्रेम विश्वकर्माको उद्घोषणमा सम्पन्न कार्यक्रममा पत्रकार तथा दलित अधिकारकर्मी मणिलाल विश्वकर्माले हरवा चरवाको अवस्था, चुनौती र उत्थानका बिकल्पहरू' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमाथि जे.एस.मुरारका बहुमुखी क्याम्पसका समाजशास्त्रका सहप्राध्यापक शोभितलाल चौधरीले टिप्पणी गरेका थिए । अमेरिकाका १६ औं राष्ट्रपति अब्राहम लिंकनले सन् १८६३ मा दास प्रथा उन्मूलन घोषणा गर्नु करिब ५७ वर्ष पहिले नै सन् १८०६ मा बेलायतमा पनि दास प्रथा उन्मूलन भएको मानिन्छ । त्यसपछि वि.सं. १९८१ सालमा राणा प्रधानमन्त्री चन्द्र शमशेरले दासदासी प्रथा उन्मूलन घोषणा गरेका थिए तर त्यसकै अवशेषको रूपमा हरवा चरवा प्रथा रहेको राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डल बताउँछन् ।

मुक्त कमैया, हलिया, कमलरी जस्तै अवस्था भएका पूर्वी र मध्य तराईमा सामान्य घर व्यवहार चलाउन भूमिहीन परिवारका कसैका बाबु बाजेले गाउँका साहुसँग ऋण लिएर चुक्ता गरेको रहेनछ भने त्यही ऋण चुक्ता गर्न खेतबारी जोत्ने व्यक्ति हरवा र गाईबस्तु चराउने व्यक्ति चरवा हुन् । बाबु बाजेले कति ऋण लिएको र कहिले चुक्ता हुन्छ भन्नेसम्म पनि थाहा नपाउने हरवा चरवाहरू त्यही कारणले पुस्तौं पुस्तादेखि कुनै हिसाब किताब बिना ऋणदाता धनीको खेत जोत्न र गाईबस्तु चराउन बाध्य छन् ।

अहिलेसम्म मुलुकमा भएका महत्वपूर्ण राजनीतिक परिवर्तनपछि पनि उत्पादनको मुख्य साधनको रूपमा रहेको भूमि उर्वर बनाएर अन्न फलाउने हरवा चरवाहरू दुब्लाउँदै गएका हरवा चरवाहरूका लागि न कुनै योजना ल्याइयो, न त कार्यक्रम नै । उनीहरू समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि अझै दासत्वको साङ्लोमा बाँधिएका छन् । हरवा चरवाहरूले ९ र १० माघ २०७७ मा लहानमा गरेको दोस्रो राष्ट्रिय सम्मेलनले हरवा चरवाका नाममा रहेको अनुचित ऋण खारेज गरी मुक्तिको घोषणा, तथ्यांक संकलन, प्रमाणीकरण र परिचय पत्रको व्यवस्था, पुनःस्थापना गर्दा कम्तिमा १० कट्ठा जग्गा प्रदान गरिनु पर्ने माग पुनः दोहोर्‍याउनुले पनि उनीहरूको अवस्था कस्तो छ भन्ने प्रष्ट हुन्छ ।

सम्मेलनमार्फत् उनीहरूले भूमिहीन, दलित तथा सिमान्तकृत समुदायका व्यक्तिहरू दासत्वको शिकार भइरहेकाले सरकारले हस्तक्षेपकारी भूमिका खेल्नु पर्ने, बाध्यकारी श्रम मुक्त मुलुक घोषणा गरी त्यस्तो श्रम प्रणालीलाई निषेध र दण्डनीय बनाउन एकीकृत कानुन बनाउन माग गरेको सन्दर्भमा अस्थान कहालिलाग्दो नै छ भन्ने पुष्टि हुन्छ ।


## सवारी साधनको लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिती : २०७७/११/०९**

**यस बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमका सवारी साधन जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीहरुले यस बैंकको लहान शाखामा सम्पर्क गरी तोकिएको शर्तहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिल्बन्दी बोलपत्र प्रस्ताव पेस गर्नु हुन आह्वान गरिन्छ । लिलाम बिक्री हुने सवारी साधनको विवरण निम्नानुसार छ ।**

| क्र.सं. | सवारीको किसिम | दर्ता नं. |
|---|---|---|
| १. | Hero Honda CBZ 150 CC, 2012 | को. १२ प.६७६ |

१. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समयभित्रै (सो दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) बोलपत्र दर्ता गराइसक्नु पर्नेछ । प्राप्त बोलपत्र यस शाखा कार्यालयमा ८ औं दिन दिउसो ३:०० बजे बोलपत्रदाता र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । निर्धारित समयमा बोलपत्रदाता वा प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा, सोही समयमा बोलपत्रहरु खोलिने छ ।

२. बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार यस बैंकमा सुरक्षित रहनेछ ।

**सम्पर्क ठेगाना** : लुम्बिनी विकास बैंक, लहान शाखा कार्यालय, लहान नगरपालिका-१,सिरहा
फोन : ०३३-५६२१०२ , ५६२१०४

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।**

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# पारदर्शीताको माग राख्दै संघर्ष घोषणा

**बद्री नारायण यादव**

**सिरहा ।** १५ सुत्रिय माग अघि सार्दै कांग्रेस नगर कार्यसमितिले सिरहा नगरपालिका विरूद्ध पहिलो चरणको संघर्षको कार्यक्रम घोषणा गरेको छ ।

सिरहामा आयोजित पत्रकार सम्मेलनमा महासमिति सदस्य डा.सुभाषचन्द्र यादवको प्रमुख आतिथ्यमा कांग्रेस नगर कार्यसमितिका सभापति अषिशलाल यादवले सिरहा नगरपालिकासँग १५ सुत्रीय माग अघि सार्दै पहिलो चरणको संघर्षको कार्यक्रम सार्वजनिक गरे । २०७७ फागुन ८ मा पर्चा पम्प पलेट वितरण गरी संघर्ष कार्यक्रमको सुरूवात गरिएको छ । फागुन १८ मा धर्ना बस्दै पहिलो चरणको संघर्षका कार्यक्रम समापन गरिने सभापति यादवले जनाए ।




नगर परिषद् र त्यसको निर्णय, आर्थिक वर्ष २०७६/०७७ को आय–व्यय, आ.व.२०७७/०७८ शिर्षकगत आय–व्यय अपारदर्शी तवरले राखेको जारी विज्ञप्तीमा उल्लेख गरिनुका साथै कोविड–१९ को महामारी रोकथामको नाउँमा, पुंजिगत र परामर्शको नाउँमा, खानेपानी नाउँमा, मल खाद्य र बीउ विजनको नाउँमा करोडौं रकम भ्रटाचार गरेको जनाइएको छ । 'नगरपालिकाले कार्यपालिका सदस्यहरूलाई प्रलोभन, चक्रब्युह वा अरू वहानामा हस्ताक्षर गराउँदै आएका छन्,' कांग्रेस महासमिति सदस्य डा.सुभाषचन्द्र यादवले भने, 'सिरहा नगरपालिकामा किर्ते गराउने र गर्ने क्रम बढेको छ ।' बितेकै मितिमा पत्र बुझाएर पुरानै मितिबाट योजना छनौट देखि कार्यान्वयन पनि पुरानै मितिमा गर्ने र गराउन लगाउने काम सिरहा नगरपालिकामा तिब्र रूपमा हुँदै आएको उनको आरोप छ । कुनै पनि योजनाका सही विवरण र त्यसमा भएको खर्च कानुनी तवरले नगरेको उनको आरोप छ ।

## लावण्यदेशको ...

एकाकार भएको थियो । त्यसैले पनि उनी दिलोज्यान दिई काम गर्न हौसिए । उनले आफ्नो प्रिय संस्था सुदृढ गर्न अनेकौ पहल गरे । सेनापतिले साथ पनि दिए ।

वास्तवमा यो सुधारको चाहना उनको र सेनापतिको मात्र नभई लामो समयदेखि सुधारको अपेक्षा राख्ने निष्ठावान सैनिक अधिकृत तथा सकलदर्जाको अभिलाषाको परिणाम थियो । सेनामा सबै खराबमात्र नभई सच्चरित्रका अधिकृतहरू पनि थिए जो लोभलालचबाट पर रही आफूलाई एक सबल सेनाको 'प्रोफेसनल' अधिकृतको रूपमा प्रस्तुत गर्न चाहन्थे ।

उनीहरू आफ्नो संगठनलाई एउटा प्रभावकारी, क्षमतावान् र गर्विलो संगठनको रूपमा खडा भएको देख्न लालायित थिए । यस्तो आकांक्षा मुख्यरुपमा विकसित मुलुकहरूमा तालिम गरेर आउने अधिकृत र विश्वशान्ति कार्यमा संलग्न भई फर्केका सकल दर्जाले विदेशमा देखेका अनि भोगेका उत्तम व्यवस्था र आफ्नो मुलुकमा पाएको बेठीक अवस्थाबाट उब्जेको थियो । संस्थामा सुधारको दबाब बढ्दो थियो । एक हिसाबले भन्ने हो भने, त्यतिबेला संगठन सुधार गर्नैपर्ने बाध्यकारी परिस्थिति खडा भएको थियो । जोसुकै नेतृत्वमा आए पनि संगठन सुधारउन्मुख नभई धरै थिएन ।

हुनत 'ड्राइफस' ले कुनै 'हिरो' हुने अथवा तिलस्मी काम गरेका थिएनन् – दिइएको भूमिकालाई आफूले जानेबुझेसम्म इमानदारीसाथ सही ढङ्ले पूरामात्र गरेका हुन् । तथापि, आफ्नो भूमिका निर्वाह गर्दा सांगठनिक हितको लागि समय प्रवाहविपरीत धारमा हिँड्ने उनको आँट भने उल्लेखनीय थियो । तीन दशकभन्दा लामो इमान, निष्ठा, लगन, कर्तव्यपरायणता हुँदाहुँदै पनि किन आज उनको गरिमामा प्रहार भयो भनी 'ड्राइफस' अहिले अनिर्वचनीय (अवर्णनीय) र अभिशप्त परिस्थितिमा किंकर्तव्यविमूढ तथा विस्मित छन् । न्यायका सर्वमान्य सिद्धान्तले भन्छ गुण, समानता र आवश्यकताका आधारमा न्याय सम्पादन हुनुपर्छ । न्याय निरपेक्ष हुँदैन । तर, आफ्नो हकमा न्यायका सिद्धान्त परिपालना नभएकोमा उनी अवाक् छन् । उनलाई थाह छ, न्याय सम्पादन गर्दा फैसलाको टुङ्गोमा पुग्नुअघि सही विधि र प्रकक्रिया अपनाएको छ कि छैन भन्ने महत्त्वपूर्ण हुन्छ । अनि निसाफ दिँदा दोषी उम्किए पनि निर्दोष नपरून् भन्ने मान्यता छ । तर, उनको हकमा किन 'न्यायिक मन' पनि प्रयोग हुन सकेन भनी ऊ छक्क छन् । जिन्दगीको अविरल यात्रामा धेरै कुरा गर्नुपर्ने हुन्छ । जागिर खानु त एउटा सानो पाटोमात्र हो । त्यसमा पनि एक पूर्ण मानव जीवनको दृष्टिकोणबाट नोकरीमा पद्दोन्नति प्राप्त गर्नु र माथिल्लो दर्जामा उक्लनु भनेको नगण्य पक्ष हो । एक असल व्यक्तिको लागि सबैभन्दा ठूलो कुरा उसको आत्मसम्मान र गरिमा हो चाहे ऊ जुनसुकै पदमा आसीन होस् वा जेसुकै पेसा अवलम्बन गरोस् ।

निष्ठावान सैनिकका लागि त गरिमा झन् प्रिय हुन्छ । लावण्यदेशका 'ड्राइफस' लाई थाहा छ उनका सेनापति आफ्नो आत्मसम्मान तथा गरिमालाई कति महत्त्व दिन्छन् ! तर, सेनापतिले आफ्ना अधीनस्थको आत्मसम्मान र गरिमालाई बेवास्ता गर्ने परिस्थिति कसरी आयो भनी ऊ आश्चर्यमा छन् ।

आत्मा त आखिर सबैको एउटै हो ! कसुर मानिने विषय होइन जानिने विषय हो । जानिएको कसुर र त्यसका असरबीच के कार्यकारण सम्बन्ध छ र त्यसको प्रभाव र गम्भीरता कति छ भनी हेर्नुपर्ने हुन्छ ।

अर्कोतिर, यो जगत विश्वासमा अडेको छ । यद्यपि, कुनै विश्वास संशयको जगमा खडा हुन्छ भने त्यो अविश्वासमा परिणत हुन किञ्चित् बेर लाग्दैन । त्यस्तै, कुनै पनि अनुसन्धान गलत मान्यता (एजम्सनस) बाट सुरू भयो भने निष्कर्ष पनि गलत निस्कन्छ ।

कुनै विषयवस्तुको छानबिन वस्तुगत तथ्यमा आधारित नभई मनोगत र भावावेशमा हुन्छ भने त्यो मनको बुद्धिविलासी तर्कभन्दा माथि उठ्न सक्दैन । सही तथ्य बुझ्न आशक्तिरहित आत्मनिरीक्षण पनि त्यतिकै आवश्यक हुन्छ । सत्असत्, उचितअनुचित आदि सम्पूर्ण सांसारिक प्रपञ्चको आदिबीज यही मन हो । हाम्रो दर्शनले भन्छ – सत्य उत्खनन गर्ने अभिलाषा ज्ञान मार्ग हो ।

अज्ञानलाई सांसारिक भोगको चाहना जगाउने मन्त्रको रूपमा लिइएको छ । चाहना हटाएर सन्त भावले सोचेमात्र ज्ञानको गहिराइमा पुग्न सकिन्छ । तथ्य बुझ्न सम्यक् ज्ञान जरूरी हुन्छ ।*साभार : बाह्रखरीबाट*

# खरछुहियामा किसान कृषि सहकारी स्थापना




**रोहित कुमार मण्डल**

**सप्तरी ।** सप्तरीको खडक नगरपालिका– ५ खरछुहिया बजारमा किसान कृषि सहकारी संस्था स्थापना भएको छ ।

किसान कृषि सहकारीको संस्थाका अध्यक्ष बेदानन्द साहले रिबन काटेर विधिवत उद्घाटन गरे । उद्घाट्न समारोहलाई सम्बोधन गर्दै अध्यक्ष साहले समाजप्रति उतरदायित्व बहन गर्दै यस सहकारीले संस्थाको स्वीकृति विनियम तथा विनियमावलीहरूको अधिनमा रहि सदस्यहरूको अधिकतम हित गर्ने संस्थाको प्रमुख उदेश्य रहेको बताए । संस्थाले वर्तमान समय अनुसार प्रतिस्पर्धात्मक वित्तीय बजारमा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट सदस्यहरूलाई निक्षेपमा आकर्षक ब्याज प्रदान गरी संकलन गरिएको निक्षेप रकमलाई सुरक्षित गर्दै सदस्य, व्यवसायी, उधमी, युवा, भुमिहीनलाई घरेलु तथा सहकारी माध्यमबाट कर्जा प्रवाह गरी सबल र आत्मनिर्भर बनाउने लक्ष्य रहेको उनले बताए ।

सहकारीको माध्यमबाट सदस्यहरूको आर्थिक, सामाजिक,सांस्कृतिक, विकासमा समेत टेवा पुर्याउने कार्यमा अग्रसर रहने उनले बताए । यसैगरी सहकारी सञ्चालनका लागि बेदानन्द साहको अध्यक्षतामा सात सदस्य कार्य समिति समेत चयन गरिएको छ । कार्यसमितिको उपाध्यक्षमा मनिषा साह, सचिवमा कुसेश्वर चौधरी कलबार तथा कोषाअध्यक्षमा मनिषा साह चयन भएका छन । सदस्यहरूमा घुरन चौधरी, राजदेव चौधरी, अनिता साह चयन भएको कार्य समितिका कोषाध्यक्ष पुजा साहले जानकारी दिइन ।



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)